Samaj Anweshan, voi. 4. No.Special Issue (Nari Bisheshank). May 2026
DOI: https://doi.org/10.3126/anweshan.v7i01.95033
Research Article
ISSN: 3021-9035 Print

# सांस्कृतिक रूपान्तरण र महिला

*डा.अमृतादेवी शर्मा*
amritaregmi99@gmail.com

## *लेखसार*

समाजमा रहेका पुराना विचार, भावना, दृष्टिकोण, जीवनशैली, विचारधारालगायतमा अग्रगामी रूपान्तरण हुनु सांस्कृतिक रूपान्तरण हो। संस्कृतिको अस्तित्व मानव समाजमा मात्र हुने भएकाले यसले समाजमा समयसँगै आउने सामाजिक, आर्थिक, राजनीतिक, मूल्य र जीवनदर्शन तथा व्यवहारमा आउने परिवर्तनलाई जनाउँछ। सांस्कृतिक रूपान्तरण मानिसमा विचारधारात्मक तथा भावनात्मक रूपमा परिवर्तन आएर व्यवहारमा अभिव्यक्त हुनु हो । सांस्कृतिक रूपान्तरण मूल्यमान्यता, आस्था आदर्श, रीतिरिवाज, आनीबानी, विश्वास, विचारधारा, दृष्टिकोण, जीवनपद्धतिलगायतमा आमूल परिवर्तन भई जनवादी संस्कृतिको निर्माण मात्र उन्नत वैज्ञानिक र उच्च विकसित समाजको आधार हो । वर्तमानमा महिला र पुरुषबिचका सबै खालका सांस्कृतिक विभेदको मुख्य आधार सामन्तवादी पुँजीवादी व्यवस्था भएकाले यी व्यवस्थाको समूल अन्त्यले नै सांस्कृतिक रूपान्तरणको आधार तय गर्दछ। पुँजीवादी उत्पादनसम्बन्धको समूल अन्त्य र समाजवादी व्यवस्थाको स्थापनामा मात्र वास्तविक सांस्कृतिक रूपान्तरण सम्भव हुन्छ।

## *शब्दकुञ्जी*

उत्पादनसम्बन्ध, पितृसत्ता, मार्क्सवाद, समाजवाद, सांस्कृतिक रूपान्तरण

## *विषय प्रवेश*

प्रस्तुत लेखको विषय सांस्कृतिक रूपान्तरण र महिला रहेको छ । समाजमा जरा गाडेर बसेको पितृसत्तात्मक व्यवस्थाले गर्दा समाजमा महिला र पुरुषको समान अस्तित्व र हैसियत रहेको देखिँदैन। मानव समाजको विकासक्रममा निजी सम्पत्ति र परिवारजस्ता संस्थाको विकाससँगै सुरु भएको पितृसत्तात्मक समाजव्यवस्थाले पितृसत्ताकेन्द्री संस्कृतिको निर्माण गऱ्यो । पुरुषसत्ता र शक्तिलाई अझै बलियो र व्यवस्थित बनाउन त्यही अनुरूपका विचारधारा र सामाजिक व्यवहारले महिला तथा पुरुषको सामाजिक स्थितिलाई शासक र दासका रूपमा स्थापित गरिदियो । समाजमा महिला र पुरुषको सामाजिक हैसियत क्रमशः मालिक र दासको बनेपछि त्यहीअनुरूप संस्कृतिको विकास हुनु स्वाभाविक नै हो । पितृसत्तात्मक समाजव्यवस्थाले महिलाको श्रमशक्तिमाथि पूर्ण रूपमा नियन्त्रण कायम गरी उनीहरूको आर्थिक स्वतन्त्रतामाथि बन्देज लगाएका अवस्थामा स्थापित भएका सांस्कृतिक व्यवस्थाहरू पितृसत्तावादी नै हुन्छन्। पितृसत्तात्मक समाजमा स्थापित, विकसित र व्यवस्थित सांस्कृतिक व्यवस्था आर्थिक आधारका अधिरचना भएकाले यिनीहरू स्वतः महिलाद्वेषी, नियन्त्रणकारी र विभेदमा आधारित रहेका हुन्छन् । सांस्कृतिक रूपान्तरण समाजको आर्थिक रूपान्तरणसँग मुख्य रूपमा जोडिएको हुन्छ। महिलाका सन्दर्भमा पनि सांस्कृतिक रूपान्तरणको प्रश्न मूलतः समाजको आर्थिक रूपान्तरणसँग नै जोडिएको हुन्छ। आर्थिक जगमा उभिएको पितृसत्ताले निर्माण गरेका धार्मिक, जातीयलगायत विभिन्न विभेदकारी आधारका साथै विभेदमा आधारित परम्परा,

---

*लेखक नेपाली केन्द्रिय विभाग, त्रिविमा प्राध्यापनरत हुनुहुन्छ।*

नीतिनियम, मूल्यमान्यता, विचारधारा, दृष्टिकोणमा अग्रगामी परिवर्तन हुनु र व्यवहारमा लागु हुनु सांस्कृतिक रूपान्तरण हो। यो लेखमा संस्कृति र सांस्कृतिक रूपान्तरणको परिचय दिँदै संस्कृति निर्माणमा महिलाको भूमिकाको विश्लेषण र सांस्कृतिक रूपान्तरणका समस्याको निक्यौल गरिएको छ।

## *अध्ययनविधि*

प्रस्तुत लेखमा सांस्कृतिक रूपान्तरणको परिचय दिँदै संस्कृति निर्माणमा महिलाको भूमिका र सांस्कृतिक रूपान्तरणका समस्याको समीक्षा गरिएको छ। यो क्रममा संस्कृति र सामाजिक उत्पादनव्यवस्थाको सम्बन्धबारे विवेचना गर्दै सांस्कृतिक रूपान्तरणका लागि समाजको आार्थिक सम्बन्धमा आमूल परिवर्तन आउनुपर्छ भन्ने बारेमा विश्लेषण गरिएको छ । यसको अध्ययनका निमित्त आवश्यक सामग्रीको सङ्कलन पुस्तकालबाट गरिएको छ। यस अध्ययनमा सांस्कृतिक रूपान्तरणको सन्दर्भलाई विश्लेषण गर्न संस्कृति र सांस्कृतिक रूपान्तरणसम्बन्धी मार्क्सवादी चिन्तनको उपयोग गरिएको छ। यसका लागि संस्कृतिसम्बन्धी चिन्तन र दृष्टिकोण व्यक्त भएका वैचारिक कृतिहरूका साथै समीक्षा, समालोचनालगायत उपयोग गरिएको छ । मार्क्सवादले प्रस्तुत गरेको संस्कृति र सांस्कृतिक रूपान्तरणका साथै समाजमा महिलाको सामाजिक स्थान र ऐतिहासिक भूमिका र वर्तमान स्थितिका बारेमा मार्क्सवादले व्यक्त गरेका धारणालाई सामग्रीका रूपमा उपयोग गर्दै त्यस आधारमा सांस्कृतिक रूपान्तरण तथा महिलाका सम्बन्धमा विमर्श गरिएको छ। यो अनुसन्धानमा आवश्यकताअनुसार सूक्ष्म मापदण्ड निर्माण गरी सांस्कृतिक रूपान्तरण र महिलाबारे विश्लेषण गरिएकाले यो अनुसन्धान समग्रतः विश्लेषणात्मक र गुणात्मक प्रकारको रहेको छ।

## *संस्कृति र सांस्कृतिक रूपान्तरण*

संस्कृति मानिसले आविष्कार वा निर्माण गरेका सम्पूर्ण भौतिक वस्तुहरूका साथै सामाजिक विचारधारा, दृष्टिकोण, नीतिनियम, मूल्यमान्यता, रहनसहन, चाडपर्व, वेशभूषा, विश्वास, जीवनशैली नैतिक आध्यात्मिक विचार, भावना, अन्धविश्वासलगायत समग्रता हो । यो मानिसले आफ्ना आवश्यकता पूरा गर्न प्रकृतिसँग अन्तरक्रिया गर्ने क्रममा जन्मिएको हो । यसको अस्तित्व मानव समाजमा मात्र रहन्छ । मानिसका अनेकौँ आत्मिक तथा भौतिक आवश्यकताहरूको तुष्टि गर्ने क्रममा संस्कृतिले सर्वप्रथम मानिसका शारीरिक जैव आवश्यकताहरू पूर्ति गर्ने र तिनमा निरन्तर परिवर्तन ल्याउने सामाजिक प्राणीका रूपमा मानिसको विकासका निम्ति नभई नहुने सम्पर्क संसर्गका लागि आचार व्यवहारका नियमहरू निर्दिष्ट गर्ने, मानववंशको पुनरुत्पादनका क्रममा दीक्षा र चरित्र निर्माणका उपायहरू प्रस्तुत गर्ने काममा मात्र काम नगरी मान्छेका लागि अतिविशिष्ट आवश्यकता संसारलाई जान्ने बुझ्ने र त्यसलाई पूरापूर बदल्ने आवश्यकताको पूर्तिसमेत गर्दछ (चापागाईं, २०६४, पृ.३)। मानव जातिले भौतिक र मानसिक श्रमबाट सृजना गरेका सबै वस्तु संस्कृतिभित्र पर्दछन् । यसैले संस्कृति मानव निर्मित दोस्रो प्रकृति पनि हो। संस्कृति कुनै खास समाजको राजनीति र अर्थव्यवस्थाको विचारधारात्मक प्रतिबिम्ब भएकाले यसले निश्चित समाज वा समूहको जीवनपद्धति, रहनसहन, विश्वास, आदर्श, दर्शन दृष्टिकोणलगायतलाई जनाउँदछ । समाज विकासको ऐतिहासिक प्रक्रियामा निर्मित भौतिक र आत्मिक मूल्यको समुच्चय नै संस्कृति हो (शर्मा, २०७४, पृ. ११)। संस्कृति त्यस समाजको अर्थव्यवस्थाद्वारा निर्धारित हुन्छ।

संस्कृति समाजको अधिरचना हो। कुनै खास संस्कृति त्यो समाजको राजनीति र अर्थव्यवस्थाको विचारधारात्मक प्रतिबिम्ब हुन्छ र संस्कृतिले पनि त्यस समाजको राजनीति र अर्थव्यवस्थामाथि धेरै गहिरो प्रभाव पार्छ (माओ त्से तुङ, पृ. ३४९)। राजनीति र अर्थव्यवस्थाको रूपद्वारा संस्कृतिको रूप निर्धारित हुन्छ। यसले आधारलाई बलियो पृष्ठाधार प्रदान गर्छ। मार्क्सवादले आर्थिक पक्ष आधार हो र यसैद्वारा विचार, संस्कृति जस्ता उपरिसंरचनाका रूपहरू निर्माण हुन्छन् भन्ने मान्दछ। समाजमा सांस्कृतिक व्यवस्थाले पनि

आर्थिक आधारलाई नै सहयोग पुऱ्याइरहेका हुन्छन् । मार्क्सवादले संस्कृतिलाई उत्पादनपद्धतिको उपज मान्छ। यसले संस्कृतिलाई आर्थिक आधारमाथि स्थापित अधि–संरचनाको एउटा महत्त्वपूर्ण प्रवर्गका रूपमा लिन्छ। भाषा, राजनीतिक ढाँचा, विज्ञान, कला दर्शन, रीतिरिवाज, मूल्यमान्यता सामाजिक जीवनका उपज हुन् र मानवका पारस्परिक सम्बन्ध, आपसी प्रभाव र निरन्तर मेलका परिणाम हुन् (सांकृत्यायन, सन् २००८, पृ. १२)। संस्कृति मानिसले गर्ने तथा समाजद्वारा गरिने रूपान्तरणकारी क्रियाकलाप तथा ती क्रियाकलापको परिणाम हो।

समाजमा रहेका पुराना विचार, भावना, दृष्टिकोण, जीवनशैली, विचारधारा लगायतमा अग्रगामी रूपान्तरण हुनु सांस्कृतिक रूपान्तरण हो। संस्कृतिको अस्तित्व मानव समाजमा मात्र हुने भएकाले यसले समाजमा समयसँगै आउने सामाजिक, आर्थिक, राजनीतिक, मूल्य र जीवनदर्शन तथा व्यवहारमा आउने परिवर्तनलाई जनाउँछ।

सांस्कृतिक रूपान्तरणले समाजको जीवनशैली, मूल्य र सामाजिक संरचनामा गहिरो प्रभाव पार्छ। सांस्कृतिक रूपान्तरण मानिसमा विचारधारात्मक तथा भावनात्मक रूपमा परिवर्तन आएर व्यवहारमा अभिव्यक्त हुनु हो । यसको प्रत्यक्ष सम्बन्ध मानव समाजको जीवनपद्धति र सामाजिक व्यवस्थासँग जोडिएको हुन्छ । सांस्कृतिक रूपान्तरणको अर्थ समाजमा रहेका महिला र पुरुषबिचका सबै खालका विभेदको अन्त्य भएर सहअस्तित्वपूर्ण, स्वाभिमानयुक्त सम्बन्धसहितको उन्नत वैज्ञानिक जीवन–पद्धति र व्यवहारसँग मुख्य रूपमा सम्बन्धित छ।

सांस्कृतिक रूपान्तरणले समाजमा समयसँगै आउने आर्थिक, सामाजिक, राजनीतिक मूल्य तथा व्यवहारमा परिवर्तनलाई जनाउँछ। समाजमा रहेका विचार, भावना र जीवनपद्धतिमा सकारात्मक र अग्रगामी परिवर्तन आउनु सांस्कृतिक रूपान्तरण हो। सांस्कृतिक रूपान्तरण मूलतः मानवीय मूल्यहरूको रूपान्तरण हो । पुराना रूढिवादी संस्कृतिलाई विस्थापन गरी त्यसका ठाउँमा नयाँ जनपक्षीय संस्कृतिको निर्माण नै सांस्कृतिक रूपान्तरण हो। सुन्दर र समुन्नत समाजका लागि उच्च वैज्ञानिक, समानतामा आधारित संस्कृतिको निर्माण हुनु आवश्यक छ।

संस्कृति निर्माणमा महिलाको भूमिका

संस्कृतिको निर्माणमा महिलाको योगदान महत्त्वपूर्ण रहेको छ । मातृसत्तात्मक समाज नारीप्रधान थियो । मानवशास्त्री लुइस हेनरी मोर्गन र मार्क्सवादका संस्थापक मार्क्स एङ्गेल्सले मानव समाज मातृसत्ताबाट पितृसत्तात्मक समाजमा विकसित भएको धारणा राखेका छन् (किरण, २०६५, पृ. २६) । नारीप्रधान समाज भनेको मातृसत्तात्मक समाज हो तथा यसमा नारीभूमिका प्रधान हुन्छ । त्यहाँ कविलाहरूको वंशपरम्परा नारीहरूको नामसँग जोडिएको छ। सम्पत्तिका उत्तराधिकारी पनि महिलाहरू नै हुन्छन्। नारीप्रधान समाजमा नारीहरू पुरुषहरूभन्दा बढी प्रतिष्ठित हुन्छन् (किरण, २०६५, पृ. २६)। मातृसत्तात्मक समाजमा सामाजिक महत्त्वका निर्णयहरूमा नारीको भूमिका निर्णायक रहन्थ्यो। यो समाजमा महिलाको महत्त्व र गरिमा सर्वोच्च थियो। मानव समाजमा सभ्यताको सुरुवात महिलाहरूले नै गरेका थिए भन्ने समाजशास्त्रीहरूको धारणा छ। आदिम समाजको श्रमविभाजनमा पुरुषले सिकारीको काम गर्दथ्यो भने महिलाले कन्दमूल सञ्चय गर्ने मानव समाजको आदिम स्वरूप नारीप्रधान थियो। संस्कृतिको निर्माणमा महिलाको योगदानबारे एभलिन रिडले भनेकी छन् :

> खाद्यवस्तु पर्याप्त र स्थायी रूपमा उपलब्ध गराउने काम सिकारी पुरुषको नभएर सङ्ग्रहकर्ता आइमाईको हातमा हुन्थ्यो । सिकार पाउन निकै कठिन भएको अवस्थामा रित्तै हात सिकारी फर्कँदा स्वास्नीमानिसले जर्गेना गरिराखेको खाद्यान्नबाट समूहको भोक मेटिन्थ्यो। पुरुष सिकार खेलिने पशुको खोजीमा मात्र संलग्न हुन्थ्यो भने स्वास्नीमानिसहरू छाला तथा माटाका भाँडा बनाउने हस्तकला, निर्माणकार्य, औषधिको विकासजस्ता हर क्षेत्रमा संलग्न भई विज्ञानको अर्वाचीन विकास गरिरहेका थिए। स्वास्नीमान्छेको लट्ठीले जमिन खोस्नेजस्तो एक पक्षले कृषिको विकास गरायो भने जङ्गली जनावरलाई पाल्तु तुल्याउने अर्को

पक्षले पशुपालनको विकास भयो। यही महत्त्वपूर्ण उपलब्धिले सभ्यताको जग हाल्यो। मानिसलाई सिकारबाट मुक्ति दिलाउँदै उत्पादनका यस्ता माथिल्ला धरातलहरूमा पहिला आंशिक रूपमा र पछि सम्पूर्ण रूपमै संलग्न तुल्यायो। (महिला मुक्ति आन्दोलनका सम्बन्धमा, २०६०, पृ. १६)

मानव सभ्यता र संस्कृतिको विकासमा महिलाको भूमिका नै सर्वोपरि रहेको देखिन्छ। लिङ्गभेदमा आधारित श्रमको यस प्रथम विभाजनमा पुरुषहरूको सिकारी कामको तुलनामा उत्पादन, प्राचीन विज्ञान, स्वास्थ्य सेवा, सामाजिक शिक्षा तथा सामाजिक, सांस्कृतिक संवाहकका रूपमा महिलाहरूले गरेको काम नै सर्वाधिक महत्त्वको काम थियो। संस्कृतिको निर्माणमा महिलाको योगदानको विश्लेषण गर्दै निनु चापागाईंले भनेका छन् :

थुप्रै विद्वान्हरूले मानव संस्कृतिको निर्माताका रूपमा नारीहरूको विशेष सम्मान गर्नु आवश्यक छ भनेर औँल्याउँदै आएका छन्। उनीहरूका दृष्टिमा मानव समाजमा प्रथम पटक वनस्पति उमार्नेहरू नारी थिए। आदिम समाजको श्रमविभाजनमा पुरुषले मुख्यतः सिकारीको काम गर्थ्यो, नारीले नै कन्दमूल सञ्चय गर्ने, कीटफूल खोज्ने र जङ्गली अन्नका बालाहरू चुँडेर ल्याउने काम गरेका थिए। यसरी अन्नका बालाहरू ल्याउने क्रममा सोची विचारी नारीले अन्नको बिउ जमिनमा रोप्ने र वनस्पति उमार्ने काम गरे। आगोको बल्दो अगुल्टो पहिले पुरुषले ल्याएको भए पनि 'आगोको खोजी' गर्ने श्रेय पनि गृहस्वामिनीलाई नै छ भन्ने धारणा विद्वान्हरूको छ। उनीहरूको मतमा पहिलो घर बन्नु अघिदेखि नै गृहस्थीको काम गरिरहेकी नारीले नै आगाका गुणहरू बुझेको र आवास तताउन र भोजन बनाउन त्यसको उपयोग गरेको हुनुपर्छ। (संस्कृति र सांस्कृतिक रूपान्तरण, २०६४, पृ.५३)

संस्कृतिको निर्माणमा महिलाहरूको योगदान अद्वितीय रहेको छ। पशुलाई पाल्तु बनाउनदेखि कपडाको खोजी गर्नमा र माटोबाट भाँडा बनाउनका साथै जङ्गली स्वभावको पुरुषमा उदात्त प्रेमभावना विकास गराउन महिलाहरूले नै भूमिका खेलेका थिए भन्ने विश्वास छ। यसरी समाजको बौद्धिक विकासमा उनीहरूको महत्त्वपूर्ण भूमिका रहेको छ। समाजमा स्थायित्व ल्याउनेदेखि सभ्यताको सुरुवात र विकास गर्ने साथै समाजलाई प्रेमको भावनाको दिशामा मोड्ने विशेष भूमिका महिलाले निर्वाह गरेको अनुमान गरिन्छ।

मानव सभ्यताको निर्माण गर्ने महिलाहरूको सामाजिक भूमिकालाई पितृसत्ताले कमजोर तुल्याएको हुन्छ। समाजमा स्थापित भएका सामाजिक सांस्कृतिक व्यवस्था नै महिला उत्पीडनका कारण हुन् भन्ने चिन्तन पारिजातले यसप्रकार व्यक्त गरेकी छन् :

सृष्टिको आदिकालदेखि नै वात्सल्य र ममताको गुणले सुसज्जित नारीजातिमा शारीरिक, मानसिक अजस्र शक्तिको स्रोत लुकेको छ। यिनै नारी–जातिको गुण र क्षमताले आदिम मानवसमाजको ढाँचाकाँचा तयार भएको तथ्य इतिहासले बताउँछ। समाज पितृसत्तात्मकतातर्फ उन्मुख हुन थालेपछि पुरुषहरूले नारीजातिलाई विस्तारै घरभित्र बजार्दै ल्याए र शक्तिहीन र क्षमताहीन छस् भनी विस्तारै हेप्दै, शोषण गर्दै ल्याए। नारीजाति क्रमशः परास्त हुँदै आए, अन्धविश्वास रूढि र संस्कारहरूमा साँघुरो भएर अस्तित्व धान्दै आए, आत्मविश्वासहरू चिहान पार्दै आए। (पारिजातका सङ्कलित रचनाहरू ग्रन्थ ६, पृ. १०)

सृष्टिको आदिकालमा सभ्यता र संस्कृतिको विकास महिलाहरूले नै गरेका हुन्। मातृत्वको गुणले सुसज्जित हुनाले उनीहरूले नै सामूहिकताको विकास गरी मानव समाजको ढाँचाकाँचा तयार गरेका हुन्। समयक्रमसँगै विकसित भएको पितृसत्ताले निर्माण गरेका संस्कृतिहरूले कमजोर र निर्बल तुल्याए। पितृसत्ता नै महिला उत्पीडनकारी संस्कृति निर्माणको प्रमुख आधार भएकाले यसलाई समाप्त पार्नु नै सांस्कृतिक रूपान्तरणको मूल आधार हो।

### *उत्पादनव्यवस्था र सांस्कृतिक विभेद*

समाजमा महिला र पुरुषबिच समान स्थिति छैन। यो असमान स्थिति समाज विकासको सुरुवातसँगै भएको हो । मार्क्सवादले महिला र पुरुषबिच विभेदको स्थिति श्रमविभाजनको सुरुवातसँगै भएको हो भन्ने मान्छ। समाज विकासका क्रममा जनसङ्ख्याको वृद्धिसँगै श्रमविभाजन प्रक्रियाको सुरुवात भएको र यहीँबाट नै नारी र पुरुषबिच विभेदको स्थिति सृजना भएको हो । संसारको सबैभन्दा पहिलो श्रमविभाजन अरू केही नभएर सन्तानोत्पादनका लागि महिला र पुरुषबिचमा भएको हो (मार्क्स र एङ्गेल्स, पृ.५०) । प्राकृतिक कुराहरूमा आधारित आवश्यकता र घटनाहरूले गर्दा विभाजित भएको यही श्रमविभाजनले नै महिला र पुरुषबिच विभेदको स्थिति सृजना गरेको हो । श्रमविभाजनसँगै विकसित भएका निजी सम्पत्ति, विवाह आदि संस्थाहरूले स्थापित गरेका पितृसत्तात्मकता र वर्गीय संरचनाले महिला र पुरुषबिच विभेदीकरणको प्रक्रिया पनि सुरु गरे। यही बिन्दुबाटै विभेदमा आधारित संस्कृतिको जन्म भयो जुन आजपर्यन्त समाजमा व्यवस्थित छ।

पितृसत्तात्मक समाजव्यवस्थाको उपजका रूपमा रहेका संस्कृतिहरू महिला विरोधी नै हुन्छन् । समाजमा यिनीहरूले केन्द्रीकृत पितृसत्तालाई सुदृढ बनाउने प्रकार्य गर्ने हुनाले यिनीहरूको भूमिका महिला हितविपरीत रहने गर्दछ। संस्कृति समाजव्यवस्थाकै अङ्ग भएकाले यसले हरतरहले पितृसत्ताकै संरक्षण र संबर्द्धनका लागि कार्य गर्दछ (त्रिपाठी, सन् २०१२, पृ. ६०)। आर्थिक आधारमाथि पुरुष एकाधिकार कायम गरेपछि त्यसलाई बलियो र स्थायी बनाउने हतियारका रूपमा पितृसत्ताले सांस्कृतिक व्यवस्थाको उपयोग गरेको हुन्छ। पितृसत्तालाई सम्पत्तिको पुस्तागत हस्तान्तरणका लागि छोरा चाहिने भएकाले त्यही–अनुरूप धर्मको निर्माण गरेर जीवनभर र जीवनपछिका लागि पनि छोराको अनिवार्यता कायम गरेको छ। पुरुषका लागि समाजका हर पक्षमा लचिला र महिलाका लागि कठोर अनुशासन, नीतिनियम, विचारधारा र दृष्टिकोणले पुरुषलाई कतिपय अवस्थामा कठोर, स्वार्थी र हिंसक पनि बनाइदिएको छ। समाजमा हुने महिलामाथिका अमानवीय हिंसा, हत्या, बलात्कार, चोरी, अपमान, यातना, विभेदकारी व्यवहार पितृसत्तात्मक संस्कृतिका उपज हुन् । आमाको कोखदेखि जन्मपछिका हर पाइलामा महिलाले भोग्ने हिंसा, विभेद, तिरस्कार, अपमान, यातनाको प्रमुख अस्त्र आर्थिक आधारमा तय भएको संस्कृति नै हो ।

निजी सम्पत्तिको सुरुवातसँगै पितृसत्ताको उदयपछि महिलाद्वेषी संस्कृतिको निर्माण भयो । यसपछि निर्माण भएका संस्कृतिहरू महिलाका लागि उत्पीडनकारी छन् । समाज र संस्कृतिको आधार त्यस समाजको उत्पादन–व्यवस्था नै हो । सामन्तवादी उत्पादनव्यवस्था धर्मप्रदत्त सभ्यता र संस्कृतिबाट अनुप्राणित भएको देखिन्छ। निजी सम्पत्ति, विवाह, परिवारजस्ता संस्थाको उत्पत्ति र विकास भएपछि सामूहिक प्रणालीको अन्त्य भई व्यक्तिगत उत्पादन र उपभोग पद्धतिको स्थापना र विकास भएको र त्यसपछि सुरु भएको सामन्तवादी उत्पादनव्यवस्थाका सन्दर्भमा पितृसत्ता प्रबल भएको देखिन्छ। जमिनबाट उत्पादित वस्तु तथा सेवाहरूको सञ्चितिले उदय भएको उत्तराधिकारीको पहिचान र सञ्चित सम्पत्तिको पुस्तागत हस्तान्तरणको अभिप्रायद्वारा स्थापित पितृसत्तात्मक व्यवस्थाले लिङ्गगत विभेद र उत्पीडनका शृङ्खलालाई झनै प्रगाढ बनाएको देखिन्छ । संस्कृतिले गर्ने महिलामाथिको शोषणका सन्दर्भमा सुधा त्रिपाठीको विचार छ :

> हरेक धर्म र संस्कृति नारीका लागि अनुदार, असमान र असंवेदनशील छन् । तिनमा लिङ्गभेद टड्कारै देखिन्छ। धर्मसंस्कृति सामन्तवादका अङ्गरक्षक, पोषक आदि हुन् । सामन्तवादले चर्को सामाजिक विभेद खडा गरेर थोरैलाई शासक र धेरैलाई शासित बनाउँछ। नारीहरू पनि अन्य शासितहरूकै पङ्क्तिमा गनिन्छन् । यस अर्थमा सामन्तवाद नारीविरोधी हुन्छ र त्यसका मतियार धर्म संस्कृति पनि स्वभावैले नारी विरोधी हुन्छन् । (चेलीबेटीका बेग्लै कुरा, सन् २०१२, पृ. ४१)

सामन्तवादी उत्पादनप्रणाली पुरुषकेन्द्रित अर्थ–

राजनीतिक परिपाटी हो। यस उत्पादनव्यवस्थामा भूमिको आधिपत्य पुरुषमा रहेको हुन्छ। यस समाजमा सन्तान उत्पादन, स्याहारसुसारदेखि पारिवारिक व्यवस्थापनका सबै कार्य महिलाहरूका काँधमा रहेको हुन्छ। यसबाहेक पुरुषको मनोरञ्जनको साधन, विलासिताको साधन, सन्तान जन्माउने साधनका रूपमा उपयोग र उपभोग हुनुपर्ने बाध्यता पनि उनीहरूसँग छ। पितृसत्ताले आर्थिक स्रोतमाथिको नियन्त्रणका आधारमा उनीहरूलाई जस्तोसुकै स्थितिमा परिवारमा पुरुषआश्रित बनाएको हुन्छ। पितृसत्ताले महिला श्रमलाई नियन्त्रणमा लिएर उनीहरूको उत्पादकशक्ति, गतिशीलता, पुनरुत्पादन र यौनिकतामाथि नियन्त्रण गरेको हुन्छ। सामन्ती सांस्कृतिक रीतिरिवाज, नियम, मूल्यमान्यता, संस्कार आदिमार्फत सबैभन्दा बढी उत्पीडन महिलामाथि हुने गर्दछ। छोरा सन्तान जन्माइदिनुपर्ने, पुरुषले दिने सबै प्रकारका प्रताडना सहनुपर्ने, बुहार्तनका पीडा सहनुपर्ने तर इज्जतका बहानामा घरभित्र या बाहिर आफ्ना कुनै पनि पीडा व्यक्त गर्न नहुने बाध्यताभित्र महिलाहरू अत्यन्तै उत्पीडित जीवन जिउन बाध्य भएका हुन्छन्। यो व्यवस्थामा उनीहरू सामन्ती व्यवस्थाद्वारा संरचित आर्थिक, शारीरिक, सांस्कृतिक, मानसिक, यौनिक हिंसाका चपेटामा परेका देखिन्छन्। यस व्यवस्थाले लैङ्गिक उत्पीडनलाई व्यवस्थित गर्न त्यहीअनुरूप संस्कृतिको निर्माण गरेको हुन्छ। यस समाजव्यवस्थाभित्र महिलाअस्तित्व पुरुष मनोरञ्जनको साधन, उनीहरूका सन्तान जन्माइदिने यन्त्र, पुरुषको सेवा गर्ने दासी, घरव्यवहारका सम्पूर्ण कार्य गर्ने नोकरका साथै घरबाहिरका कृषिजन्य कार्यमा पनि पूर्ण रूपमा खटिरहने कामदारका रूपमा मात्र सीमित रहेको देखिन्छ।

पुँजीवादी उत्पादनव्यवस्थाको लक्ष्य पुँजीको अन्तहीन सञ्चिति हो। यसको अन्त्यहीन पुँजीसञ्चितिको आधार विभिन्न आधारमा गरिने महिलाको श्रमशक्तिको शोषणै हो। यस प्रक्रियामा यसले सर्वाधिक रूपमा महिलाहरूको श्रमशक्तिको शोषण गरेको हुन्छ। पुँजीवादी अर्थव्यवस्थाको अन्त्यहीन पुँजीसञ्चयको प्रक्रिया महिलाशोषण तथा उत्पीडनका जगमा नै खडा भएको छ। यसले महिलालाई बजारका रूपमा र बजारप्रवर्द्धकका रूपमा एकै पटक प्रयोग गरिरहेको छ। यसले महिलाको शरीरलाई यौनबजारमा खुलमखुल्ला किनबेच गर्न सकिने वस्तु बनाएर उनीहरूको अस्तित्व, स्वाभिमान र शरीरमाथि एकैपटक आक्रमण गरेको छ।

पुँजीवादी उत्पादनव्यवस्थाले महिलाशरीरलाई विज्ञापनको साधनका रूपमा उपयोग गरेर उनीहरूको जीवन अस्तित्व र स्वाभिमानलाई बजारमा किनबेच गर्न र उपभोग गर्न सकिने वस्तुमा रूपान्तरित गरेको छ। बजार संस्कृतिले सौन्दर्य सामग्री खपत गर्ने बजारका रूपमा उनीहरूलाई प्रयोग गरेको छ। पुँजीवादले सामान्य महिला र अभिजात्य महिलाबिच भिन्नता कोर्न स्थापित भएको फेसनको अस्तित्वलाई सम्पूर्ण नारीका सुन्दरताको प्रयोगमा जोडेर उनीहरूलाई सौन्दर्य सामग्री खपत गर्ने बजारका रूपमा स्थापित गराएको छ। महिला शरीरलाई सुन्दर र असुन्दरको कसीमा राखी उनीहरूको मानवीय अस्तित्व, चेतना तथा बौद्धिकतालाई अस्वीकार गर्ने सौन्दर्य प्रतियोगिताहरू पुँजीवादी बजारको निर्माण गर्न स्थापना गरिएका बजार वृद्धिका माध्यम हुन् (रिड, २०६०, पृ. ४०)। सौन्दर्य प्रतियोगिता एकाधिकार पुँजीवादको लागि एउटा सशक्त वैचारिक र भौतिक हतियार हो। यसको आर्थिक, राजनीतिक र सामाजिक अभीष्ट रहेको छ। यस प्रक्रियाले विदेशी पुँजीलाई वा बहुराष्ट्रिय कम्पनीहरूलाई खुल्ला छुट दिएर बजार कब्जा गर्ने वातावरण सृजना गरी यहाँका कच्चा माललाई सित्तैमा विदेशतिर लग्ने वातावरण सृजना गर्ने र महिलालाई पुँजीपतिहरूका सडेगलेका वस्तु बेच्ने माध्यमका रूपमा प्रयोग गर्ने गर्छ (यमि, २०६२, पृ.३३)। साम्राज्यवादी संस्कृतिले महिलालाई सुन्दर र असुन्दरको कसीमा दाँजेर आर्थिक, सामाजिक रूपमा भ्रष्ट र नोकरशाही पुँजीवादी व्यवस्था बलियो बनाउने कुत्सित मनसाय पूरा गरेको छ।

## *महिला र सांस्कृतिक रूपान्तरणका समस्या*

सांस्कृतिक रूपान्तरण नयाँ मूल्य र नयाँ चेतनाको निर्माण हुनु हो। संस्कृतिको निर्माता मानिस हो र मानिस पनि संस्कृतिबाट विकसित हुँदै जान्छ (ज्ञवाली, २०७९, पृ.

२१०)। संस्कृति आर्थिक आधारमाथि खडा भएको सामाजिक चेतनाको विशिष्ट रूप भएकाले समाजको उत्पादन–सम्बन्धमा आएको रूपान्तरणसँगै सांस्कृतिक रूपान्तरणको गति अगाडि बढ्दछ। यो निरन्तर गतिशील हुन्छ र विचार धारात्मक सङ्घर्षसँगै मानव समाजमा आउने परिवर्तनसँगै यसको रूपान्तरण भइरहन्छ। सांस्कृतिक रूपान्तरणका सम्बन्धमा चैतन्यले भनेका छन् :

> सांस्कृतिक रूपान्तरण समाजको भौतिक र आत्मिक संस्कृतिको विकासको एक निश्चित अवस्था र स्तरसँग सम्बन्धित रहेको हुन्छ। यो प्रक्रिया र स्तर समाजमा भएका राजनीतिक क्रान्तिको ऐतिहासिक चरणसँग जोडिएको हुन्छ। समाजमा गुणात्मक प्रकारको राजनीतिक तथा आर्थिक रूपान्तरण विना सांस्कृतिक रूपान्तरण हुँदैन भने राजनीतिक तथा आर्थिक क्षेत्रमा गुणात्मक रूपान्तरणका लागि पनि सांस्कृतिक रूपान्तरण आवश्यक हुन्छ। (समकालीन साहित्य, सन् २००९)

सांस्कृतिक आन्दोलनले सांस्कृतिक रूपान्तरणको आधार तयार गर्दछ। यसरी हेर्दा सांस्कृतिक रूपान्तरण समाजको राजनीतिक आन्दोलनसँग मुख्यरूपमा जोडिएको हुन्छ। सांस्कृतिक आन्दोलन र राजनीतिक आन्दोलनले एकअर्कालाई प्रभावित पारेका हुन्छन्।

वर्गीय व्यवस्था पितृसत्तात्मक व्यवस्था नै हो। यस्तो चरित्र भएको समाजका आर्थिक सांस्कृतिक संरचनाहरू पनि पितृसत्तावादी नै हुन्छन्। सामन्तवादी पुँजीवादी सामाजिक संरचनामा संस्कृति पनि वर्गीय स्वरूपकै हुन्छ र त्यो निम्न वर्ग, महिला, दलित, अल्पसङ्ख्यकलगायत उत्पीडित विरोधी स्वभावको हुन्छ। यस्तो समाजमा संस्कृतिले शासकहरूकै पक्षधरता अँगाल्ने हुनाले वर्गीय समाजको अन्त्य भई समाजवादी व्यवस्था निर्माण भए मात्र त्यो समाजको सांस्कृतिक रूपान्तरण सम्भव छ। यसरी हेर्दा सांस्कृतिक रूपान्तरणको प्रश्न समाजको ऐतिहासिक विकासको चरणसँग सम्बन्धित आर्थिक राजनीतिक रूपान्तरणको प्रश्नसँग मुख्य रूपमा जोडिएको हुन्छ। सांस्कृतिक रूपान्तरणका सम्बन्धमा अमर गिरीले भनेका छन् :

> सांस्कृतिक रूपान्तरणले संस्कृतिमा परिवर्तनको अर्थबोध गराउँछ। जीवनविरोधी संस्कृतिलाई विस्थापन गरी त्यसका ठाउँमा जनपक्षीय संस्कृति निर्माण नै सांस्कृतिक रूपान्तरण हो। समाजले अपनाएका संस्कृतिका सबै रूपहरू सुन्दर हुँदैनन्। सांस्कृतिक रूपान्तरणको प्रक्रियालाई अघि बढाउँदा जनपक्षीय संस्कृतिलाई परिष्कारसहित अपनाइन्छ र नयाँ संस्कृतिको निर्माणतर्फ बढिन्छ। कुरूपलाई निषेध गरिन्छ। (समय, समाज र संस्कृति, २०६७, पृ. ५८)

समाजको आमूल रूपान्तरण आर्थिक रूपान्तरणसँगै सामाजिक सांस्कृतिक रूपान्तरण पनि हो। समाजको उत्पादनसम्बन्धमा आएको परिवर्तनले आर्थिक सांस्कृतिक संरचनामा पनि अग्रगामी परिवर्तन ल्याउनुपर्छ। समाज रूपान्तरणमा राजनीतिको भूमिका प्रमुख हुने भए पनि सांस्कृतिक रूपान्तरणको पनि उत्तिकै महत्त्व छ। समाजमा हुने राजनीतिक परिवर्तनले सांस्कृतिक रूपान्तरणलाई अगाडि बढाएको हुन्छ। राजनीतिक परिवर्तनको गतिसँगै सांस्कृतिक रूपान्तरणमा भने केही समस्या देखिएको हुन्छ। समाजमा रहेका वर्गीय, लिङ्गीय, जातीय संरचनामा विभेदको स्थिति कायमै रहने अवस्थाले सांस्कृतिक रूपान्तरणको प्रक्रियालाई अवरुद्ध पारेका हुन्छन्।

सांस्कृतिक रूपान्तरण पितृसत्तात्मक विभेदमा आधारित संस्कृतिमा रूपान्तरण भई लैङ्गिक समानतामा आधारित संस्कृतिको निर्माण हुनु पनि हो। समाजमा राजनीतिक रूपान्तरणको गतिसँगै सांस्कृतिक रूपान्तरणको प्रक्रिया अगाडि बढेको हुन्छ। समाजमा आर्थिक राजनीतिक परिवर्तनको गतिभन्दा सांस्कृतिक रूपान्तरणको गति ढिला हुन्छ। समाजको पितृसत्तात्मकतामा परिवर्तन नआउनु यसको मूल कारण हो। संस्कृतिमा रूपान्तरण हुन नसक्नुका कारणहरू निम्न छन् :

## *पितृसत्ता*

पितृसत्ता सांस्कृतिक रूपान्तरणमा बाधा उत्पन्न गर्ने एक प्रमुख कारण हो। पितृसत्ता पुरुष केन्द्रमा रहेर

उसैको चाहना र हितअनुकूल सञ्चालित सत्ता हो । पितृसत्ताको प्रमुख संस्था परिवार हो । परिवारले एउटा बृहत् समाजको आधारभूत एकाइका रूपमा कार्य गरेर आफ्ना परिवारका सदस्यहरूलाई समायोजन र अनुसरण गर्न प्रोत्साहित गर्नाका साथै घरको मूलीमार्फत शासन गर्ने पितृसत्तात्मक राज्यको सरकारका एकाइका रूपमा काम गर्दछ। पितृसत्तात्मकतालाई बलियो बनाउन संस्कृतिले मलजल प्रदान गरेको हुन्छ । संस्कृतिले पितृसत्तालाई समाजभित्र अचल र स्थायी संस्थाका रूपमा गहिरोसँग व्यवस्थित तुल्याएको हुन्छ।

पितृसत्ता लैङ्गिक विभेदमा आधारित संस्कृति निर्माणको प्रमुख आधार हो । समाज विकासका क्रममा सुरु भएका निजी सम्पत्ति, विवाह र परिवारजस्ता संस्थाहरूबाट नै पितृसत्ताको उदय भएको साथै श्रमको लैङ्गिक विभाजनबाट सृजित सम्पत्तिमाथि अधिकार विहीन स्थितिबाट पितृसत्तात्मक व्यवस्थाको सुरुवात भएको हो (एङ्गेल्स, २०६४, पृ.१५०)। निजी सम्पत्तिको उत्पत्तिसँगै सम्पत्तिको मालिकका रूपमा पुरुष स्थापित हुनु तथा महिलालाई आर्थिक आधारहरूबाट अलग्याइनु नै लैङ्गिक विभेदकारी संस्कृति निर्माणको आधार हो।

पितृसत्तात्मक व्यवस्थाले पितृसत्ताको हितअनुरूप नै संस्कृतिको निर्माण गरेको हुन्छ । यस व्यवस्थाभित्र महिलाहरू धेरै तरिकाले अधीनस्थ बनाइएका हुन्छन् । अन्धविश्वास, रूढिवाद, भाग्यवादमा आधारित यस्ता विचारधारा, दृष्टिकोण र मूल्यहरूकै कारण भूतप्रेत, धामी झाँक्री, बोक्सी, जातीय व्यवस्था, बालविवाह, अनमेल विवाह, कमलरी प्रथा, झुमाप्रथा, देउकीप्रथा, दाइजोप्रथा, तिलक, नेलुप्रथालगायतले महिलालाई असीमित अन्याय, पीडा र प्रताडना दिएका छन् । यी संस्कृतिले समाजको सानो संस्था परिवारदेखि समाज र राज्यव्यवस्थाका हरेक संरचना र तहमा पुरुषहरूलाई नै सत्तावान् र शक्तिशाली बनाई महिलालाई आफ्नो स्वार्थ र हितअनुकूल हुने गरी प्रयोग मात्र गरेका छन्।

वर्गीय समाजमा संस्कृतिले पितृसत्ताकेन्द्री वर्गीय सामाजिक संरचनालाई टेवा पुऱ्याएको हुन्छ। मानिसलाई विभिन्न आधारमा विभेद गरेर शासक वर्गको सेवा गर्नु यसको उद्देश्य हो । पितृसत्तात्मक व्यवस्थाले आफूलाई बलियो बनाउनका लागि त्यहीअनुरूप संस्कृतिको निर्माण गरेको हुन्छ । समाजमा एकातिर देखावटी रूपमा जहाँ महिलाहरूको पूजा हुन्छ त्यहाँ देवताहरू खुसी हुन्छन् भन्ने र अर्कातिर व्यवहारमा चाहिँ महिलाहरूलाई स्वतन्त्रता दिनुहुँदैन भनेर बन्देज लगाउने चिन्तन सामन्ती संस्कृतिको अभिन्न अङ्ग हो (चापागाईं, २०६७, पृ.११८) । लिङ्गभेद वा महिलाहरूलाई दोस्रो तहको नागरिक ठान्ने महिलालाई पुरुषको दासी र भोग्याका रूपमा हेर्ने र सबैभन्दा उत्पीडित समुदायका रूपमा व्यवहार गर्ने परिपाटी सामन्ती संस्कृतिकै एउटा महत्त्वपूर्ण पक्ष हो।

सामन्तवाद र पुँजीवादका बिचमा अर्थराजनीतिमा जस्तै सांस्कृतिक क्षेत्रमा पनि गठबन्धन भएको हुन्छ। पुँजीवादका लागि नाफा नै सबथोक हो र यसका लागि उसले जुनसुकै कुरामा पनि गठजोड गर्दछ। समाजमा विद्यमान धार्मिक, सांस्कृतिक व्यवस्था सामन्तवादी समाज–व्यवस्थाका परिणति हुन् र वर्तमानमा यिनले पुँजीवादसँग मिलेर निम्न वर्गमाथिको उत्पीडन झनै निर्मम बनाएका छन् भने यसबाट महिलाहरू सबैभन्दा बढी उत्पीडनमा परेका छन्।

पितृसत्तात्मक समाजव्यवस्था सांस्कृतिक रूपान्तरणका लागि प्रमुख बाधक शक्ति हो। पितृसत्तालाई सुदृढ बनाउने काम सांस्कतिक व्यवस्थाले गरेको हुन्छ। संस्कृति पितृसत्ताले निर्माण गरेको त्यो साँचो हो जसका आकारमा नारीहरूको निर्माण हुने गरेको छ (त्रिपाठी, सन् २०१२, पृ. ४०) । पितृसत्ताले आफ्नो सुरक्षाका लागि सामाजिक सांस्कृतिक बन्धनको निर्माण गरी त्यसभित्र महिलालाई सीमित तुल्यायो । पितृसत्तात्मकताका सन्दर्भमा प्रदीप ज्ञवालीले भनेका छन् :

> पितृसत्तात्मकताले महिलालाई पुरुषको नियन्त्रण र स्वामित्वअन्तर्गतको दोस्रो दर्जाको अस्तित्वका रूपमा लिन्छ, महिलाको आफ्नै स्वतन्त्र अस्तित्व

र पृथक् पहिचानलाई स्वीकार गर्दैन । सामन्ती समाजमा महिलाको जीवनका हरेक पलमा पुरुषको आधिपत्य स्थापित हुन्छ। बालक छँदा पिताले रक्षा गर्छन्, युवावस्थामा पतिले । वृद्धावस्थामा त छोराहरूले रक्षा गर्छन् भने महिलाहरूको स्वतन्त्र अस्तित्व किन? हाम्रा परम्पारगत संहिताले यसरी महिलालाई आजीवन पुरुषहरूको आधिपत्यभित्र सीमित गरिदिएको छ। (सांस्कृतिक रूपान्तरण, २०७२, पृ. ७५)

पितृसत्तात्मक समाजमा लैङ्गिक विभेदकारी संस्कृति रहेको हुन्छ । यस समाजमा सांस्कृतिक मान्यताहरूले पितृसत्तात्मकताको महत्त्वपूर्ण आधारका रूपमा कार्य गरिरहेका छन् । यस समाजमा यिनीहरूले महिलाका आर्थिक अधिकार, मानवीय अस्तित्व, स्वाभिमान, गतिशीलता, आत्मनिर्णयलगायत सबै पक्षमा घोषित र अघोषित नियन्त्रण कायम गर्ने, पुरुषाश्रित तुल्याउने, दासका रूपमा र दोस्रो दर्जाको नागरिकका रूपमा स्थापित गराउने कार्य गरेका हुन्छन्।

## *आर्थिक अधीनस्थता*

आर्थिक अधीनस्थता सांस्कृतिक शोषणको प्रमुख आधार हो। पितृसत्तात्मक समाजमा सम्पत्तिमाथि पुरुषको नियन्त्रण रहेको हुन्छ। आर्थिक मूल्य र उपयोगिता भएको वस्तुमाथिको अधिकार पुरुषको नियन्त्रण तथा अधीनमा रहेसम्म समाजका सबै संरचनामा उनीहरूको नियन्त्रण र स्वामित्व रहिरहन्छ। यस्तो अवस्थामा सम्पत्ति भोगचलन गर्न, बेचबिखन गर्न, अरूलाई प्रयोगमा दिन वा अन्य जुनसुकै किसिमले पनि उपयोग गर्न सक्ने अधिकार उनीहरूमा मात्र रहेको हुन्छ। पितृसत्तात्मक उत्पादनसम्बन्धमा आधारित समाजमा सम्पत्तिमाथि पुरुषको अधिकार कायम रहेको अवस्थामा सम्पत्तिहीन महिलाहरूले स्वतन्त्र, आत्मनिर्भर र मर्यादित जीवननिर्वाह गर्न नपाउनु स्वाभाविक नै हो।

मार्क्सवादले पितृसत्ताको उदय महिलामाथिको आर्थिक नियन्त्रणको मुख्य कारण हो भन्ने मान्दछ। यसले मानव समाजको उत्पत्तिका प्रारम्भिक दिनमा महिला र पुरुषका बिचमा प्राकृतिक भिन्नताबाहेक अरू कुनै भिन्नता नभएको तर श्रमविभाजनसँगै एकनिष्ठ विवाह र सम्पत्ति जस्ता संस्थाको विकास भएपछि पितृसत्ताको सुरुवात भएर महिलाका हक खोसिएको धारणा अगाडि सारेको छ। इतिहासमा इतिहासमा पहिलो पटक देखिएको वर्गीय अन्तर्द्वन्द्व एकनिष्ठ विवाहअन्तर्गत पुरुष र नारीबिचको अन्तरविरोधका साथै र पहिलो वर्गीय उत्पीडन पुरुषद्वारा नारीमाथि गरिएको आधिपत्यका साथै प्रकट हुने यसको मान्यता रहेको छ (एङ्गेल्स, २०६४, पृ.२०८) । समाज विकासको ऐतिहासिक कालखण्डमा नारी र पुरुषबिच भएको श्रम विभाजनले उत्पादनका स्रोतहरूमाथि पुरुषको एकाधिकार निर्माण गऱ्यो। उत्पीडनको आधार पीडकमाथि रहेको आर्थिक पराधीनता हो र यो स्थिति अतीतदेखि आजसम्म पनि यस्तै छ (बेबेल, २०५९, पृ.३३)। उत्पादनका साधनहरू व्यक्तिगत सम्पत्ति बनेपछि र परिवारमा विद्यमान श्रमविभाजनअनुसार घरबाहिरका स्रोतहरू पुरुषका अधीनमा परेपछि यी स्रोत र साधनको स्वामी पनि पुरुष बन्न पुगेको देखिन्छ भन्ने मान्यता राखेका छन् (एङ्गेल्स, २०६४, पृ. १४२)। त्यही समयबाट आर्थिक रूपमा अधीनस्थ बन्न पुगेका नारीहरूको स्थिति वर्तमानसम्म पनि निरन्तर छ । समाजविकासको निरन्तरतामा विकसित भएका उत्पादनप्रणालीका पृथक् स्वरूप र संरचनाभित्र नारी र पुरुष आर्थिक हैसियतमा भने क्रमशः स्वामित्वहीन र एकाधिकारयुक्त नै देखिन्छन्।

सांस्कृतिक रूपान्तरणमा अवरोध सृजना गर्ने एक प्रमुख आधार महिला र पुरुषबिचको आर्थिक असमानता हो। समाजको उत्पादनव्यवस्थाले महिलामाथिको उत्पीडनलाई अझ प्रभावकारी बनाउन विभिन्न धार्मिक सांस्कृतिक व्यवस्थाको निर्माण गरेको हुन्छ। सामन्तवादी उत्पादन–व्यवस्थाले विभिन्न मूल्यमान्यता, धर्म, प्रथा रीतिरिवाज, चालचलनका आधारमा महिलाको श्रमशक्ति नियन्त्रणका आधारमा उनीहरूको आर्थिक अधिकारमाथि बन्देज लगाएको हुन्छ भने यसैका आधारमा महिलाको सामाजिक

गतिशीलता र निर्णयक्षमतामा पनि नियन्त्रण कायम गरेको हुन्छ। त्यसैले सम्पत्तिमाथि महिलाको वास्तविक अधिकार स्थापित नभएसम्म समाजको सांस्कृतिक रूपान्तरण सम्भव छैन । सम्पत्तिमाथिको महिलाको स्वामित्वलाई उनीहरूको जन्मसिद्ध अधिकारका रूपमा स्वीकार गरिए मात्र वास्तविक रूपमा महिलाहरूले मानवीय अस्तित्व प्राप्त गर्दछन् भने त्यस्तो समाजमा मात्र सांस्कृतिक रूपान्तरण सम्भव हुन्छ।

महिलामाथिको आर्थिक सांस्कृतिक विभेदको अन्त्यका लागि पुँजीवादी व्यवस्थाको अन्त्य र समाजवादी व्यवस्थाको स्थापना आवश्यक छ। समाजवाद आर्थिक विषमता हटाई समता ल्याउनुपर्छ भन्ने र देशको सम्पूर्ण सम्पत्तिमा कसैको एकलौटी अधिकार हुन नदिई उत्पादन र उपभोगका साधनहरूमा समाजको साझा अधिकार रहनुपर्छ भन्ने राजनीतिक सिद्धान्तमा आधारित व्यवस्था हो। यो श्रमिक वा मजदुर वर्गको नेतृत्व र अधिनायकत्वमा समाजवाद क्रियान्वयन भएको शासनव्यवस्था हो। यस व्यवस्थामा देशका बहुसङ्ख्यक श्रमिक वर्गका लागि जनवादी अधिकारहरूको व्यवस्था गरिने शासनपद्धति हुन्छ। यस व्यवस्थामा समाजवादी संस्कृतिको निर्माण हुन्छ। यो वैज्ञानिक जनसंस्कृति भएकाले यस संस्कृतिमा लैङ्गिक विभेदको स्थिति रहँदैन । यस व्यवस्थामा पितृसत्तात्मकताको अन्त्य हुने भएकाले समाजवादी संस्कृति नै सबैभन्दा उन्नत र वैज्ञानिक संस्कृति पनि हो। यो संस्कृति वर्गीय नभई राष्ट्रिय स्वरूपको हुन्छ भने सामन्ती र अन्धविश्वासी विचारहरूको विरोधमा उभिन्छ (माओ त्से तुङ, चुनिएका रचनाहरू भाग २, पृ. ३९५)। समाजवाद तथ्यहरूबाट सत्य खोज्ने पक्षमा रहने हुनाले वस्तुगत तथ्य तथा सिद्धान्त र व्यवहारको एकताका पक्षमा रहेको छ। समाजवादी संस्कृति वर्गीय, लिङ्गीय, जातीय आदि विभेदरहित समतामूलक उच्च विकसित र वैज्ञानिक संस्कृति हो।

## *निष्कर्ष*

संस्कृति निर्माणको आधार समाजको उत्पादन–सम्बन्ध हो। संस्कृति सत्ता र शक्तिका आडमा निर्मित तथा विकसित हुने हुनाले वर्गीय समाजमा संस्कृति पनि वर्गीय हुन्छ। यो सदैव सत्ताको पक्षपोषक रहेको हुन्छ भने यसले सत्ताहीन र शक्तिहीनलाई उत्पीडन गर्ने हतियारका रूपमा रहेर कार्य गरेको हुन्छ। पितृसत्तात्मक समाजव्यवस्थामा महिलाउत्पीडनलाई अझै दिगो र निर्मम बनाउन संस्कृतिले मुख्य भूमिका निर्वाह गरेको हुन्छ। यो व्यवस्थामा महिला आर्थिक रूपले पराश्रित हुने हुनाले सांस्कृतिक रूपमा पनि उत्पीडित हुन्छन्। संस्कृति पितृसत्ताको मूल खाँबो हो जसले समाजमा पितृसत्ताको पहरेदारका रूपमा रहेर महिलामाथिको शोषण, दमन र उत्पीडनलाई व्यवस्थित तुल्याएको हुन्छ । सांस्कृतिक रूपान्तरण सबै खालका असमान, विभेदपूर्ण र खराब संस्कृतिको अन्त्य गरी सबै मानवको समान हक र हित स्थापित गर्ने भौतिक स्रोत र साधनका साथै समानतामूलक जीवनपद्धति, मूल्यमान्यता, दृष्टिकोण, विचारधारा र सामाजिक मूल्यको अग्रगामी रूपान्तरण हो। सांस्कृतिक रूपान्तरणले मानवीय समान हितमा जोड दिन्छ। यसले व्यावहारिक जीवनमा वर्गीय, जातीय, लैङ्गिक समानतालाई महत्त्व दिन्छ र मानवीय सहअस्तित्वलाई केन्द्रमा राख्छ। सांस्कृतिक रूपान्तरणका प्रक्रियामा समाजमा महिलापुरुष अन्तर्सम्बन्ध र सामाजिक सहअस्तित्वको प्रश्न सबैभन्दा महत्त्वपूर्ण र केन्द्रीय पक्ष हो। लैङ्गिक विभेदरहित सांस्कृतिक रूपान्तरणका लागि समाजको अर्थव्यवस्थामा आमूल रूपान्तरण आउनु पहिलो र आधारभूत सर्त हो। यसका लागि समाजवादी संस्कृतिको आवश्यकता हुन्छ। सांस्कृतिक रूपान्तरण मानव मानव बिच विभेदको अवस्था सृजना गर्ने सबै खालका विचार, मूल्य, दृष्टिकोण, जीवनशैली र व्यवहारमा आमूल रूपान्तरण गरी स्वस्थ, विवेकपूर्ण, समानतामूलक, सम्मानित, उच्च वैज्ञानिक संस्कृतिको निर्माण गर्नु भएको र यस्तो अवस्था समाजवादी व्यवस्थामा मात्र सम्भव भएकाले यसका लागि समाजको आमूल रूपान्तरण अनिवार्य सर्त हो । आदर्श, विचारधारा र दृष्टिकोणलाई व्यवहारमा लागु गर्ने अवस्था समाजवादी व्यवस्थामा मात्र सम्भव हुन्छ । सांस्कृतिक रूपान्तरणका लागि पुँजीवादी व्यवस्थाको अन्त्य र समाजवादी व्यवस्थाको स्थापना आवश्यक छ।

## *सन्दर्भ सामग्रीसूची*


एङ्गेल्स, फ्रेडरिक (२०६४). *मार्क्स एङ्गेल्सका सङ्कलित रचना ३. परिवार, निजी स्वामित्व र राज्यको उत्पत्तिसहित.* (अनु. राजेन्द्र मास्के), प्रगति प्रकाशन, (मूल कृति प्रकाशन सन् १८८४)।

गिरी, अमर (२०६७). *समय, समाज र संस्कृति.* विवेक सिर्जनशील प्रकाशन प्रा. लि।

चापागाइँ, निनु (२०६४). *समाज र संस्कृति.* विवेक सिर्जनशील प्रकाशन प्रा. लि.।

चापागाइँ, निनु (२०६४). *संस्कृति र सांस्कृतिक रूपान्तरण.* विवेक सिर्जनशील प्रकाशन प्रा. लि.।

चैतन्य (सन् २००९). 'सांस्कृतिक रूपान्तरणको आवश्यकता र दिशा'. *समकालीन साहित्य.* नोभेम्बर १०, https://www.samakalinsahitya. com/sahitya/details/1492 .

ज्ञवाली, प्रदीप (२०७२). *सांस्कृतिक रूपान्तरण.* साझा प्रकाशन।

त्रिपाठी, सुधा (सन् २०१२). *चेलीबेटीका बेग्लै कुरा.* भृकुटी प्रकाशन।

पारिजात (२०५७). *पारिजातका सङ्कलित रचनाहरू.* (भाग ६). निर्माण प्रकाशन।

बेबेल, अगस्ट फ्रेडरिक (२०५९). *अतीत, वर्तमान र भविष्यमा महिला.* (अनु. कृष्णदास श्रेष्ठ). पैरवी प्रकाशन, (मूल कृति प्रकाशन सन् १८८३)।

माओ त्से तुङ (....). *माओ त्से तुङ चुनिएका रचनाहरू.* (भाग २). ( अनु. खगेन्द्र सङ्ग्रौला). प्रगति प्रकाशन।

यमि, हिसिला (२०६२). *महिलामुक्ति आन्दोलनका सम्बन्धमा.* टुलाइन पब्लिकेसन।

रिड, एभलिन (२०६०). *महिलामुक्ति आन्दोलनका सम्बन्धमा.* (तेस्रो संस्क.). (अनु. मुरारि अर्याल). विवेक सिर्जनशील प्रकाशन, (मूल कृति प्रकाशन सन् १९७२)।

शर्मा, अनिल ( २०७४). *समकालीन साहित्य र संस्कृति.* अखिल नेपाल जनसांस्कृतिक महासङ्घ।

सांस्कृतायन, राहुल (२००८). *मानव समाज.* (एघारौ संस्क.). लोकभारती प्रकाशन।

Marx, k. and Engels, F. (1998). *The German Idology.* Prometheus books (Original book published 1846).